**(आर्थिक विकाशका लागि लगानी र नब-प्रवर्तन उदय परियोजना) प्रादेशिक साना तथा मझौला उद्यमी कर्जा सुरक्षण कोषमा आवद्ध हुनका लागि निक्षेप तथा कर्जा सुरक्षण कोष र साझेदार बैंकहरु विच सम्झौता पत्रमा हस्ताक्षर समारोह बैठक सम्पन्न ।**



यस आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रादेशिक साना तथा मझौला उद्यमी कर्जा सुरक्षण कोषमा आवद्ध हुनका लागि **निक्षेप तथा कर्जा सुरक्षण कोष र साझेदार बैंकहरु विच सम्झौता पत्रमा हस्ताक्षर समारोह** बैठक मिति २०८२/१२/१९ गते आर्थिक मामिला तथा योजना मन्त्रालयका मा.मन्त्री विदुर कुमार लिङ्थेपजयूको अध्यक्षतामा सम्पन्न भयो। बैठकमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्की प्रमुख अतिथीको रुपमा हुनुहुनथ्यो। बैठकमा खानेपानी ,सिंचाई तथा उर्जा मन्त्री तिलचन पाठक,राज्यमन्त्री उमाकान्त गौतम,सामाजिक विकास मन्त्री राम प्रसाद महतो,उद्योग कृषि तथा सहकारी मन्त्री इस्राईल मन्सुरी विशेष अतिथीको रुपमा हुनुहुन्थ्यो। त्यसैगरी पूर्व आर्थिक मामिला

तथा योजना मन्त्री राम ब.राना मगर,प्रदेश सचिव नारायण प्रसाद रिजाल,निक्षेप तथा कर्जा सुरक्षण कोषका प्रमुख कार्यकारी अधिकृत रमेश घिमिरे,राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमन खनाल,ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्र राज रेग्मी,मुख्यमन्त्रीजयूका आर्थिक सल्लाहकार मोहन सुवेदी,नेपाल राष्ट्र बैंकका उप-निर्देशक दिल बहादुर सुब्बा,स्वीस सरकार विकास नियोगका राष्ट्रिय कार्यक्रम अधिकृत आयुस राई,प्रदेश लेखा नियन्त्रक दामोदर खत्री,बिभिन्न शाखाका शाखा प्रमुख ,महाशाखा प्रमुख,बिभिन्न बैङ्का कर्मचारी लगायतको उपस्थितिमा सम्झौता पत्रमा हस्ताक्षर समारोह सम्पन्न भयो।



